# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा
सामाजिक परिवार !

अंक-५७, बैशाख, २०७५


## भित्र


दाइजो प्रथाविरुद्ध अभियान .....२

आर्थिक सुशासन प्रशिक्षक प्रशिक्षण ....................................४

सुशासन कार्यक्रमको समीक्षा ४

सामाजिक लेखाजोखा सम्पन्न ......................................................५

सामाजिक परिवारलाईसँग छलफल.....................................६

वित्तीय साक्षरतासम्बन्धी अभिमुखीकरण .........................७

सुशासन र जवाफदेहीता अन्तर्क्रिया..................................७

अधिकारका लागि लड्ने आँट.८



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल:

info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org




# अवलोकन भ्रमण

**काठमाडौं :** समग्र विकास सेवा केन्द्रले तराई-मधेश क्षेत्रका सामाजिक परिवारका सदस्यलाई पहाडी जिल्लाका सामाजिक परिवारहरूसँग र पहाडी जिल्लाका सामाजिक परिवारका सदस्यलाई तराई-मधेशका सामाजिक परिवारहरूसँग अनुभव तथा दुःखसुख साटासाट गराई शान्ति, सद्भाव र आत्मीयता बढाउन अवलोकन भ्रमणको आयोजना गऱ्यो ।

पहाड र तराई-मधेशका समदायबीच घुलमिलगराउने र एक अर्काको सम्बन्ध दरिलो बनाउने उद्देश्यले बेलाबेलामा आयोजना गर्ने गरिएको अवलोकन भ्रमणको सिलसिलामा यस पटक सुनसरी, सप्तरी, उदयपुर, धनुषा, महोतरी, सर्लाही, रौतहट र बारा जिल्लाका सामाजिक परिवारका सदस्यहरू र सह-उत्प्रेरकहरूबाट छनौट गरी २६ जना महिला र १४ जना पुरुष गरी ४० जनाले २०७५ बैशाख १० देखि १२ सम्म धादिङ र गोरखा जिल्लाका सामाजिक परिवारको अवलोकन भ्रमण गरे ।

भ्रमण दलले पहिलो दिनमा प्रेम सागर फाउण्डेशनले धादिङको तसर्पुमा सञ्चालन गरेको जनभोजनको अवलोकन गऱ्यो । उक्त 'जनभोजन' मा प्रत्येक दिन पाँच सय बालबालिकाले निःशुल्क भोजन गरी विद्यालय जाने गरेका छन् । यसले गरिब बालबालिकाहरूले पढाइ सहज भएको उक्त भोजनालयका व्यवस्थापक भोला राउतले जानकारी दिए । जनभोजनालयमा खटिने कर्मचारीहरू निःशुल्क रूपमा काम गरिरहेको थाहा पाउँदा तराई मधेशका सामाजिक परिवारका सदस्यले अचम्म मान्दै धन्यवाद दिएका थिए ।

सो अवसरमा समग्र विकास सेवा केन्द्रका रुद्रप्रसाद कोइरालाले आफ्नो संस्थाले धादिङमा गरेका कामबारे जानकारी गराएका थिए । उनले सामाजिक परिवारले विभिन्न सेवादायी


बाँकी पृष्ठ ६ मा

# दाइजो प्रथाविरुद्ध अभियान




**सुनसरी** : समग्र विकास सेवा केन्द्रले दाइजो (दहेज) प्रथाविरोधी अभियानअन्तर्गत जिल्लास्तरीय अन्तर्क्रियाहरू सम्पन्न गरेको छ । 'दाइजो प्रथा न्यूनीकरण' विषयक अन्तर्क्रिया जिल्ला सम्पर्क कार्यालय, सुनसरी इनरुवाको आयोजनामा २०७४ चैत्र ६ गते कोशी गाउँपालिकाको हलमा सम्पन्न भयो भने महोत्तरी जिल्लाको गौशाला नगरपालिकामा २०७५ बैशाख १६ गते अन्तर्क्रिया गरिएको छ ।

समाज विकासको बाधक तत्वका रूपमा रहेको दाइजो प्रथा सामाजिक विसंगति हो । यो खर्चालु प्रथा पनि हो । सरोकारवालाहरूको सामाजिक सशक्तीकरणका माध्यमबाट दाइजो प्रथा अन्त्य गर्ने उद्धेश्यले उक्त अन्तर्क्रिया आयोजना गरिएको थियो ।

इनरुवाको कार्यक्रमका प्रमुख अतिथि एवं कोशी गाउँपालिकाका अध्यक्ष ऐयुव अंसारीले प्रतिबद्धता जनाए, 'दाइजो प्रथा न्यूनीकरणका लागि दाइजो मुक्त गाउँपालिका घोषणा गर्नुपर्छ कि छुट्टै नीतिनियम बनाउनु पर्छ ? जे गर्नु परे पनि त्यसको लागि म तयार छु ।'

दाइजो लेनदेन गर्नु कानुनी रूपमा अपराध भएको सबैलाई थाहा हुँदाहुँदै र त्यसविरुद्ध कानून बनेको दशकौं भइसक्दा पनि दाइजो कम नभएकोमा चिन्ता व्यक्त गर्दै उनले भने, 'न दाइजो लिनेले भन्छ मैले यति दाइजो लिएको छु न त दिनेले भन्छ- मैले यति दाइजो दिएको छु । कारवाहीका लागि कानूनले ठोस प्रमाण खोज्छ । त्यसैले केटाकेटी हेर्ने बेलामा भएको कुराकानीको रेकर्ड गरेर राख्नु पर्छ । लेनदेन भइरहेका बेला समाजका व्यक्तिहरू, अगुवाहरूले गोप्य तरिकाले तस्विर खिचेर राख्नु पर्छ । अनि मात्रै कानुनी कारवाही गर्न सजिलो हुन्छ ।'

कानूनी कारवाही गर्दा पनि सामाजमा द्वन्द्व उत्पन्न हुनसक्ने बताउँदै उनले भने, 'कानुनी कारवाहीभन्दा बरु सामाजिक कारवाही राम्रो हुन्छ । दाइजो लेनदेन गरेर बिहे गरेको मान्छेको घरमा भोज नखाने, विभिन्न कार्यक्रमहरूबाट बहिस्कार गर्नु उचित हुन्छ । सडक नाटक र ऱ्याली निकाली जनचेतना जगाउने, छोरीलाई शिक्षा दिई आत्मनिर्भर बनाउने, आफ्नो छोराको बिहे गर्दा दाइजो नलिने र छोरीको बिहे गर्दा दाइजो नदिने संस्कार बनाउनुपर्छ । अनि मात्रै बिस्तारै बिस्तारै दाइजो प्रथा न्यूनीकरण गर्न सकिन्छ ।'

कार्यक्रमका विशिष्ट अतिथि कोशी गाउँपालिकाका उपाध्यक्ष अनितादेवी यादवले दाइजोको चाहना महिलाभन्दा पुरुषलाई बढी हुनेगरेको बताइन् । उनले भनिन्, 'हामी महिलालाई त राम्री बुहारी भए पुग्छ, दाइजो चाहिँदैन ।'

दाइजो प्रथा अन्त्यका लागि जे गर्नुपर्छ गर्ने बताउँदै उपाध्यक्ष यादवले घोषणा गरिन्, 'मेरो छोरा इन्जिनियरिङ अन्तिम वर्षमा पढिरहेको छ । बिहे गर्दा एक पैसा पनि दाइजो नलिई बिहे गर्छु । दाइजो अन्त्यका लागि जहाँ जानुपर्छ, नीति नियम बनाउन सकेसम्म हरेक प्रकारले सहयोग गर्छु ।'

अध्यक्ष, उपाध्यक्षले दाइजोप्रथा न्यूनीकरणका लागि प्रतिबद्धता व्यक्त गरिरहँदा कार्यक्रममै सहभागी अन्य जनप्रतिनिधिहरू भने पीडा सुनाइरहेका थिए । कोशी गाउँपालिका-५ की दलित महिला सदस्य अकलीदेवी सदाले सुनाइन्, 'आफ्नो छोरी हेर्नलाई सप्तरी मैना कडेरीका पाहुना आए । उनीहरूले छोरीलाई मन पराए । हामीले पनि केटा मन परायौं । बिहेको कुरा गर्दा चार लाख मागे । हामीले जेनतेन गरेर डेढ लाखसम्म दिन सक्ने बतायौं । केटाको मामा आएर केटी हेरेपछि मात्र बिहे पक्का हुन्छ भन्ने बहाना गरे र गए । अहिलेसम्म कुनै खबर आएको छैन ।'

कोशी गाउँपालिका-५ की महावतीदेवी सदाले आफ्नो गाउँको घटना सुनाइन्, 'नुनुवतीदेवी सदाको छोरीको बिहे एक वर्षपहिले सप्तरीको कुशाहाको केटालाई दाइजो दिई धुमधामका साथ भयो । अहिले उनको दुई जना छोरा विदेश गएर कमाउन थालेपछि फेरि मोटर साइकल मागे । मोटरसाइकल नदिए नलाने भन्दै छोरीलाई माइती मै छोडिदिए । मोटरसाइकल दिन मञ्जुर भएपछि एक महिनाअघि छोरी घर पठाउन पाइन् ।'

कोशी गाउँपालिका १ का वडा अध्यक्ष राजकुमार साहले भने, 'हाम्रो समाजमा शिक्षा र चेतनाको कमीले दाइजो प्रथा कायम छ । यसको न्यूनीकरणका लागि छोरीहरूलाई अनिवार्य पढाउनुपर्छ । समुदायमा चेतना जगाउनुपर्छ ।'

वडा नम्बर ३ का अध्यक्ष मो. सुलेमान मन्सुरीले भने, 'पुरुषभन्दा महिलामा दाइजो लिनुपर्छ भन्ने भावना हुन्छ । फलानोको छोरालाई यति दाइजो दियो, आफ्नो छोराको बिहे गर्दा त्योभन्दा दोब्बर लिन्छु भन्ने आकांक्षा महिलाले राख्छन् । त्यसले गर्दा दाइजो प्रथा दिन-प्रतिदिन बढ्दै गइरहेको हो ।'

वडा नम्बर ४ का अध्यक्ष मो. अमिन मियाले चिन्तित हुँदै भने, 'तराई-मधेशमा दाइजोप्रथाले भयानक रूपमा लिँदै गइरहेको छ । छोरीचेलीमाथि शारीरिक र मानसिक यातना यत्ति छ कि दाइजो नदिँदा छोरीचेलीले ज्यान गुमाउनुपरेको छ । त्यसैले दाइजो प्रथाको अन्त्य हुनैपर्छ । प्रहरी प्रशासनले कडा कारवाही गर्नुपर्छ ।'

कोशी गाउँपालिका-५ का वडा अध्यक्ष सहजमाल मियाँले मुस्लिम समुदायमा पनि दाइजो प्रथा कायम रहेको बताए । उनले भने, 'मंसुरी मुस्लीममा दाइजो प्रथा छैन थर अन्सारी मुस्लीममा अलिअलि छ । तर, दाइजो बढी मधेशी समुदायमा छ ।'

वडाध्यक्ष मियाले भने, 'धनीका छोराका लागि घर बनाइदिन्छौं, जग्गा दिन्छौं तर छोरीका लागि चाहिँ के गर्छौं ? दाइजोमा जे दिन्छौं, त्यसको सुखभोग हाम्रो छोरीचेलीले गर्छ भनी कानूनको गलत व्याख्या गरेको पाइन्छ । त्यसैको नकारात्मक प्रभाव गरिबमा परिरहेको छ। यसको समाधानका लागि धनी वर्गमा चेतना जगाउनुपर्छ । धनीले छोरीको बिहेमा दाइजो दिन्छ। यसले गरिबका छोरीचेलीको बिहे गर्न गाह्रो भइरहेको छ । बिहेपछि पनि शारीरिक-मानसिक यातना भोग्नु परेको छ। हत्या हुने र आत्महत्या गर्ने समस्याका कारण धनी वर्ग हुन् । यसको आत्मबोध उनीहरूलाई गराउनुपर्छ ।'

कोशी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अशोक साहले भने, 'यसलाई दाइजो प्रथामुक्त गाउँपालिका घोषणा गर्नुपर्छ । कहीँकतै दाइजो लेनदेन गरेको पाइएमा कानुनी कारवाही गर्नुपर्छ ।' अधिकृत साहले छोरीलाई पढाएपछि दाइजो दिनुपर्दैन भनिए पनि त्यसको उल्टो व्यवहार भइरहेको बताए । उनले भने, 'छोरी जति धेरै पढायो, त्यति धेरै दाइजो दिनुपर्ने हुन्छ। पढाइ अनुसार राम्रो घरबर खाज्नुपर्छ। राम्रो घरबाट धेरै दाइजोको माग हुन्छ। दाइजो नदिने कुरा गरे छोरीको बिहे नै हुँदैन। छोरीलाई क्षमतावान र आत्मनिर्भर बनाउनुपर्छ ।'

आफ्नो पनि एउटी छोरी रहेको बताउँदै उनले प्रतिबद्धता व्यक्त गरे, 'म छोरी पढाउँछु, आत्मनिर्भर बनाउँछु र राम्रो पढेलेखेको गरिब घरको केटासँग बिहे गरिदिन्छु तर दाइजो दिन्न ।'

कोशी गाउँपालिका २ का बडोमी यादवले एक छोरीका पिता आफू अति नै गरिब रहेको बताउँदै भने, 'छोरीको बिहे गर्न खोज्दा पाहुनाहरू आए । छोरी हेरे । लेनदेनको कुरा गरे । मैले दाइजो दिन नसक्ने बताए । अनि छोरीको बिहे नै हुनसकेको छैन ।'

कार्यक्रमको अध्यक्षता गरिरहेकी जय माँ काली सामाजिक परिवारकी अध्यक्ष रञ्जुदेवी शर्माले आफूले यत्रो ठूलो कार्यक्रममा अध्यक्षता पहिलोचोटी गर्न पाएकोमा अत्यन्त खुसी हुदै समग्र विकास सेवा केन्द्रलाई धन्यवाद दिइन् ।

५१ जनाको सहभागिता रहेको उक्त कार्यक्रममा ३० महिला र २१ जना पुरुष थिए। समग्र विकास सेवा केन्द्रका क्षेत्रीय संयोजक श्री दुर्गाप्रसाद महतोले सहभागीहरूलाई स्वागत गरेका थिए भने कार्यक्रम अधिकृत अमरसिंह अधिकारीले कार्यक्रमबारे जानकारी र कार्यपत्र प्रस्तुत गरेका थिए। कार्यपत्रमा समाजमा दाइजो प्रथा भयानक कुरीतिको रूपमा फैलिदै गइरहेको दृष्टान्तहरू प्रस्तुत गरिएको थियो ।

**महोत्तरी** :महोत्तरीको गौशाला नगरपालिकामा २०७५ बैशाख १६ गते भएको 'दाइजो प्रथा न्यूनीकरण' विषयक त्यस्तै अन्तर्क्रियामा प्रदेश नम्बर २ को प्रदेशसभा सदस्य भरत साह, प्रतिनिधिसभा सदस्य दिलकुमारी साह, गौशाला नगरपालिकाका वडा अध्यक्षहरू, नागरिक समाजका अगुवाहरू, सामाजिक परिवारका सदस्यहरू, समग्रका कार्यक्रम अधिकृत, महोत्तरी जिल्ला संयोजक तथा उत्प्रेरकहरू गरी ४५ जनाको सहभागिता थियो । अन्तर्क्रियामा सामाजिक परिवार तथा नागरिक समाजका प्रतिनिधिहरूले आफूले भोगेका तथा देखेका दाइजोसम्बन्धी कार्यले समाजमा पारेको दुष्प्रभावका विषयमा आ-आफ्नो धारणा राखेका थिए ।

प्रदेशसभा सदस्य भरत साहले भने, 'दाइजो प्रथा समाज विकासको बाधक तत्व हो । दहेज प्रथा कम गर्न युवा, महिला, दलित, किसान, प्रहरी सबै मिलेर जनचेतना जगाउन जरुरी छ । छोरीलाई शिक्षा दिएर योग्य बनाउनुपर्छ। मैले भाइको बिहे सरल किसिमले गरेको छु । छोराछोरीको विवाह पनि सरल रूपमा गर्नेछु ।'

प्रतिनिधिसभा सदस्य दिलकुमारी साहले भनिन्, 'दाइजो प्रथा अन्त्य गर्न महिलालाई सक्षम बनाउनुपर्छ । घुँघट प्रथा, बोक्सी प्रथाविरुद्ध प्रचारप्रसार तथा जनचेतना जगाउनुपर्छ । म महोत्तरी क्षेत्र नम्बर १ भित्र यो विकृति अन्त्य गर्न विशेष पहल गर्नेछु ।'

महादेव सामाजिक परिवार, बेलगाछीका सदस्य गौरीदेवी पासवानले आफ्नो अनुभव साटिन्, 'दहेज प्रथा धेरै नराम्रो छ । यसले दलितलाई पनि प्रभावित गरिदियो । दलितहरूको आर्थिक स्थिति त्यत्तिकै नाजुक हुन्छ। जसका २-३ वटा छोरी हुन्छन्, निश्चित छ- त्यो झन् गरिब भइहाल्छ । जति नै कमाए पनि छोरीको बिहेमा दहेज दिदाँदिदै उसको जिन्दगी अति नै दुःखमय भएर समाप्त हुन्छ। यो चलन कहिले हट्ला ?'

सोनमा गाउँपालिका- ६, मगरथाना कमलामाई सामाजिक परिवारका सोनावती महतोले भनिन्, 'दहेज भन्ने लेनदेन पहिला जसको धेरै धनदौलत छ, उनीहरूले सुरु गरेको हो। यसलाई अब उनीहरूले नै अन्त्य गरिदिनुपर्छ।'

गौशाला नगरपालिका-२ को सीता सामाजिक परिवारकी प्रेमदेवी साहले भनिन्, 'ठूलठूला मान्छेले भन्छन्- हाम्रो छोरा धेरै पढेको छ, डाक्टर हो, इन्जिनीयर हो। हामीले पढाइमा धेरै नै खर्च गरेका छौँ । त्यसैले हामीलाई छोराको बिहेमा धेरै दहेज, पैसा चाहिन्छ ।



# आर्थिक सुशासन प्रशिक्षक प्रशिक्षण



**काठमाडौं:** समग्र विकास सेवा केन्द्रद्वारा सामाजिक परिवारमा आर्थिक सुशासन कायम गराउन सामाजिक परिवारका प्रतिनिधिहरूलाई प्रशिक्षक प्रशिक्षक सम्पन्न भएका छन् । सामाजिक परिवारमा बचत तथा ऋण लगानी, अन्य आर्थिक कारोबार र स्रेस्ता प्रणाली, अभिलेखीकरण व्यवस्थापन र अन्य आवश्यक कागजात तयारीसम्बन्धी कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले तीन ठाउँमा तीन-तीन दिन उक्त प्रशिक्षण आयोजना गरिएको हो । लमजुङको बेसीसहरमा ०७४ चैत्र १४ देखि १६ गतेसम्म उक्त प्रशिक्षण सम्पन्न भयो । प्रशिक्षणमा लमजुङ जिल्लाका सामाजिक परिवारका ३० जना सदस्यहरू सहभागी भएका थिए ।

त्यस्तै, सिरहाको लहानमा ०७५ बैशाख १४ देखि १६ गतेसम्म सम्पन्न प्रशिक्षणमा सुनसरी, उदयपुर, सिरहा, सप्तरी र धनुषाका गरी ३० जना सहभागी भए भने रौतहटको चन्दपुरमा ०७५ बैशाख २० देखि २२ गतेसम्म त्यस्तै प्रशिक्षण सम्पन्न भयो । चन्द्रपुरको कार्यक्रममा बारा, रौतहट, सर्लाही र महोत्तरी जिल्लाको सामाजिक परिवारका २९ जना प्रतिनिधि सहभागी भएका थिए ।

उक्त प्रशिक्षणहरूमा सामाजिक परिवारको गठन, मासिक बैठक तथा अन्य क्रियाकलाप सञ्चालन गर्दा लेखिने 'माइन्युट'को ढाँचाबारे जानकारी दिइएको थियो । विभिन्न कार्यालय तथा संघ-संस्थामा लेखिने निवेदनको नमूना अभ्यास पनि गराइएको थियो । पासबुक तथा लेजर भर्ने अभ्यास, आर्थिक गतिविधि गर्दा तयार गरिने बिल-भर्पाइ तथा 'माइन्युट' लेखनजस्ता विषयमा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान सिकाइएको थियो ।

लमजुङको प्रशिक्षणको सहजीकरण समग्र विकास सेवा केन्द्रका आर्थिक-व्यवस्थापक भुवनेश्वर सिंह र कार्यक्रम अधिकृत अमरसिंह अधिकारीले गरेका थिए भने लहान तथा चन्द्रपुरको प्रशिक्षणमा समग्र विकास सेवा केन्द्रका लेखापाल भुवनेश्नर पासवान, जिल्ला संयोजक अरुणकुमार चौधरी, क्षेत्रीय तालिम संयोजक रामप्रसाद चौधरी, जिल्ला संयोजक रामसिंहासन राय यादव लगायतले सहजीकरण गरेका थिए ।

# सुशासन कार्यक्रमको समीक्षा

**सिरहा** : समग्र विकास सेवा केन्द्रले गभर्नेन्स फ्यासिलिटी (सुशासन कार्यक्रम) को आर्थिक सहयोगमा विभिन्न १३ वटा जिल्लाहरूमा सञ्चालन गरिरहेको 'शान्ति स्थापना र प्रजातान्त्रिक विकासका लागि सीमान्तकृत मानिसको सशक्तीकरण अभियान' को त्रैमासिक समीक्षा गरेको छ ।

लहानमा २०७४ चैत्र ८ गते भएको समीक्षामा सिरहा, सप्तरी, उदयपुर, सुनसरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाका क्षेत्रीय कार्यालयहरू र केन्द्रीय कार्यालयका प्रतिनीधिहरू गरी ४० जना सहभागी भए ।

त्यसैगरी, गोरखा, धादिङ, लमजुङ र काठमाडौं जिल्लाहरूको लागि चैत्र १६ र १७ गते लमजुङको बेंसीसहरमा भएको समीक्षामा १९ जना सहभागी भएका थिए । यी समीक्षामा पहिले सम्पन्न क्रियाकलापहरू, कार्यक्रमको प्रभाव, सिकाइ, भोगाइ तथा आगामी कार्ययोजनाजस्ता विषयहरूमा समीक्षा गरिएको थियो । कार्यक्रममा सामाजिक परिवारहरूको वर्गीकरण सम्बन्धमा मापदण्ड तयार गर्ने विषयमा पनि छलफल भयो ।



# सामाजिक लेखाजोखा सम्पन्न




**धादिङ** : समग्र विकास सेवा केन्द्र, धादिङले २०७४ चैत्र ८ गते सिद्धलेक गाउँपालिका-६, कुम्पुरमा सामाजिक लेखाजोखाको आयोजना गर्‍यो। लेखाजोखा कार्यक्रम तीन चरणमा भएको थियो । पहिलो चरणमा, समग्र विकास सेवा केन्द्रको छोटो चिनारी, कार्यक्मबारे जानकारी दिइयो । दोश्रो चरणमा, खुला विचार विमर्श एवं सुझाव संकलन र तेश्रो चरणमा शुभ कामना मन्तव्य राखिएको थियो ।

प्रमुख अतिथि वडा अध्यक्ष टीका थपलियाले भने 'समग्र विकास सेवा केन्द्र नामै काफी छ। सबैलाई समेटेको छ। घरभित्रै सीमित वर्ग आज बाहिर आएको यो कार्यक्रमबाट पनि पुष्टि हुन्छ। समग्र विकास सेवा केन्द्रले क्षमताको विकास गर्दछ, हामी पुर्वाधारको विकास गर्छौं। जहाँ सामाजिक परिवार छैन, त्यो ठाउँमा बनाउनुपर्‍यो। मलाई विश्वास छ- योजनावद्ध रूपमा काम गरेर समन्वय गरी अघि बढ्ने कार्यमा पछि पर्ने छैन ।'

गाउँपालिकाकी महिला सदस्य सरिता मगरले भनिन्, 'मैले समग्र विकास सेवा केन्द्रमा सात महिना काम गर्ने अवसर पाएँ । मेरो नानी सानी थिई। मेरो घरमा ६ वटा खसी र ७ वटा बाखा थिए। घरपरिवार सबै छाडेर समग्र विका सेवा केन्द्रको यात्रामा सरिक भएकी थिएँ । मैले धेरै सिक्ने मौका पाएँ । अहिले महिला सदस्य हुन सकेकी छु। समग्र विकास सेवा केन्द्र पनि पाठशाला नै हो । मैले समग्र विकास सेवा केन्द्रकै सहयोगमा अनौपचारिक शिक्षाको तालिम लिएँ। आमा-बाहरूलाई प्रौढ कक्षा सञ्चालन गरेँ। हामीले आफ्नो आयआर्जन बढाउनुपर्दछ । म पनि सक्दो सहयोग गर्नेछु। समग्र विकास सेवा केन्द्रले धेरै आमाहरूको भावना परिवर्तन गराएको छ। गाउँ-गाउँमा सामाजिक परिवार छन् । ती सामाजिक परिवारमा गएर समग्र विकास सेवा केन्द्रले अझ राम्रो काम गरेर देखाउनु होला ।'

बालकुमारी सामाजिक परिवारका अध्यक्ष चमेली राईले भनिन्, 'समग्र विकासेवा केन्द्र भनेको ठूलो संस्था हो। हाम्रो गाउँमा गएर सबैभन्दा पहिला समाजिक परिवार बनाएको थियो। समग्र विकास सेवा केन्द्रले। त्यसबेला हामी कोही आयो भने घरभित्र पसेर ढोका लगाएर लुक्थ्यौं। समूहमा परिचय दिनुपर्‍यो भने मेरो मनमा भुइँचालो जान्थ्यो । केही सिक्न काम छाडेर हिँड्नुपर्ने रहेछ। समूहमा हिँड्दा-हिँड्दा नयाँ कुरा सिकिने रहेछ। हामीले केही गर्न सक्दैनौं भन्ने भावना तोड्नुपर्छ। महिला-पुरुष दुवै मिलेर लाग्दा परिस्थिति सहज हुने रहेछ । म पनि बोल्न नसक्ने महिला थिएँ। सामाजिक परिवारमा हिँडेकै कारण केही बुझेँ। मलाई पनि गएको चुनावमा 'उठ' भनेका थिए तर उठ्न सकिन । अब अर्को निर्वाचनमा उठेरै छाड्छु । मलाइ यस्तो हौसला बढाएको समग्र विकास सेवा केन्द्रले नै हो ।'

अर्की सहभागी अम्बिका थपलियाले भनिन्, 'पहिला गाउँमा एउटा समूह खोलौं भनेर धेरै प्रयास गर्दा सकेका थिएनौं । हामी दिदीबहिनीहरू एकआपसमा चिनजानी पनि कम थियो। २०६२ साल बैशाख महिनामा हाम्रो गाउँमा 'रुद्र सर' आएर समूह खोलौं भन्दा समेत हामीले मानेनौं । उहाँको तीन पटकको प्रयासले यो सफल भयो । अहिले झोले बैंकहरूको दबाबमा पर्नुपरेको छैन। यदि हामीले वचतलाई राम्रो बनाउन सकियो भने हाम्रो आफ्नै बैंक बन्छ । सामाजिक परिवारको संस्थागत विकास बैंक हो। मेरो आशा त सबैको मन मिलेमा बैंक बनाउने नै छ। हामी परिचयसम्म गर्न नसक्नेहरू आज समग्र विकास सेवा केन्द्रको सहयोगले बोल्न, हिँड्न, व्यवसाय गर्न, विभिन्न क्षेत्रमा प्रतिनिधित्व गर्नसक्ने भएका छौ। यो समग्र विकास सेवा केन्द्रकै मेहनतको उपज हो।'

कुम्पुर गाविस महिला सञ्जाल अध्यक्ष विन्दा थपलियाले भनिन्, 'आमाले आमा चिन्नु पर्छ। हामी आफैं कमाएर खाने गरौं, अर्काको परिश्रममा होइन। जो पनि मातापिता बन्नु पर्दछ। हाम्रो पालो आउँछ, कर्तव्य चिनौं। सुशासनमा विश्वास गरौं । मलाई समग्र विकास सेवा केन्द्रले काठमाडौं लगेर एउटा अन्तर्क्रिया कार्यक्रममा सहभागी नगराएको भए म अन्धकारमै हुने थिएँ । मेरो आँखा खुल्यो। सामाजिक अभियानमा लागेँ ।'

बाघ बच्छला सामाजिक परिवारका अध्यक्ष दीपक थपलियाले सभापतिको आसनबाट भने, 'घन ठोक्न अरब खाडी गएको थिएँ। जाँदा थाहा थिएन, फर्किंदा गाउँमा रुकु विकको अध्यक्षतामा सामाजिक परिवार बनेको रहेछ। मलाई अत्यन्तै खुशी लाग्यो। यसमा रुद्र सरको योगदान छ । उहाँ केही समय अन्यत्र जानु भएको थियो, फेरि पाएका छौं। यसमा हामी खुशी छौं। शान्तिको दूत बुद्ध जन्मिएको देशमा शान्ति छैन। हामीले गर्व गर्नु वेकार छ । घरघरमा आमाले कस्तो व्यवहार गर्दछ, बच्चाले पनि सोही सिक्दछ। हामी सबै मिलेर आफ्नो गाउँघर समृद्ध बनाउनुपर्दछ ।'

कार्यक्रम वडा अध्यक्ष टीका थपलियाको प्रमुख अतिथ्यमा भएको थियो । कार्यक्रमको सञ्चालन उत्प्रेरक परुना सुन्दासले गरिन् भने स्वागत मञ्जिला राईले गरेकी थिइन्। सहजीकरण रुद्र कोइरालाले गरेका थिए। ●

# सामाजिक परिवारसँग छलफल



**गौर** : समग्र विकास सेवा केन्द्रले २०७५ बैशाख १७ गते रौतहटको गौर नगरपालिका वडा नं. ७, शिसुवाटोलमा रहेको रामजानकी, शान्ति, दलित जागृति र दुर्गा सामाजिक परिवारसंग छलफल गरेको छ। छलफलमा समग्र विकास सेवा केन्द्रका कार्यक्रम अधिकृत अमर अधिकारी सहभागी थिए। छलफलमा सहभागी सामाजिक परिवारका सदस्यहरूले सामाजिक परिवार गठन भएपछि जाँड-रक्सी सेवन घटेको, गाउँको रक्सी पार्ने भट्टी बन्द भएको बताएका थिए। मदिरा सेवन बन्द भएपछि महिला हिंसामा घटेको र पुरुषको बानीमा सुधार आएको पनि बताए। सामाजिक परिवारमा आबद्ध भएपछि धेरै संघ-संस्थाबारे जानकारी आएको, कार्यक्रम माग गरिएको र सामाजिक परिवारहरूलाई कृषि समूहमा पनि दर्ता गराएको जानकारी दिए। २०७३ चैत्रमा स्थापना भएको रामजानकी सामाजिक परिवारमा २५ घरधुरी आबद्ध छन्। सामाजिक परिवार अध्यक्ष कृष्णदेवी दासले हरेक महिनाको ८ गते दिनको १२ बजे परिवारको बैठक बस्ने गरिएको, मासिक १० रुपैयाँ वचत गर्दै आएकोमा बैशाख महिनादेखि २० रुपैयाँ वचत गर्न थालिएको बताइन्।

बैठकमा नियमित वचत सङ्कलनका अलवा गाउँघरमा परेको पीरमर्काका विषयमा पनि छलफल हुने गरेको, बालबालिका शिक्षा, सरसफाइ, रोजगारीका संभावनाहरू, शान्ति-सद्भाव र अधिकारबारे पनि छलफल गर्ने गरेको उनले जानकारी दिइन्।

त्यसैगरी, दलित जागृति र दुर्गा सामाजिक परिवारहरूले पनि नियमित बैठक सञ्चालन गर्दै आइरहेको, कृषि समूहमा सामाजिक परिवारलाई दर्ता गराइएको, स्थानीय सेवादायी निकायहरूवाट सेवा सुविधा लिने प्रयास भइरहेको छलफलमा जानकारी दिइयो।

## अवलोकन भ्रमण...

निकायहरूबाट ल्याएका सेवासुविधाबारे जानकारी पनि गराए।

भ्रमणको दोस्रो दिन (वैशाख ११ गते) गोरखा नगरपालिकाका सामाजिक परिवारहरूको अवलोकन गरियो। गोरखा पुग्दा त्यहाँको सामाजिक परिवारका सदस्यहरूले तराई-मधेशबाट आएको भ्रमण दलका सदस्यहरूलाई फूलमाला लगाएर स्वागत गरे। त्यही सामाजिक परिवारसँग अन्तर्क्रिया आयोजना गरिएको थियो। सीता मगरातीको अध्यक्षतामा भएको कार्यक्रममा समग्र विकास सेवा केन्द्रका कार्यकारी निर्देशक डोरनाथ न्यौपाने पनि सहभागी थिए।

एकआपसमा परिचयपछि तराई-मधेशका सामाजिक परिवार र पहाडका सामाजिक परिवारहरूले के-के काम गरिरहेका छन्, त्यसबारेसामजिक परिवारका सदस्यहरूले अनुभव साटासाट गरेका थिए। गोरखा नगरपालिकाकी वडा सदस्य गीता थापा मगरले भनिन्, 'म सामाजिक परिवारमा आवद्ध भएर मात्र बोल्न सक्ने भएकी हुँ। पहिला समाजसामु उभिएर बोल्न जानेकी थिइनँ। सामजिक परिवारको बैठकमा परिचय गर्दागर्दै अहिले म वडा सदस्यसम्म भएँ।'

समग्र विकास सेवा केन्द्र, गोरखाका भरतप्रसाद श्रेष्ठले २०७२ साल वैशाख १२ गते गोरखाको बारपाक केन्द्रबिन्दु बनाएर गएको भूकम्पले सामाजिक परिवारका धेरै सदस्यको घरमा क्षति भएको स्मरण गराउँदै भने, 'त्यसबेला पहाडमा खाने, लगाउने, बास बस्ने अवस्था थिएन। त्यतिबेला तराईका सामाजिक परिवारका सदस्यहरूले सहयोग गरेकोमा सामाजिक परिवारका सदस्यहरूलाई गोरखाको तर्फबाट धन्यवाद दिन्छु।' उनले तराई-मधेशमा बाढीपहिरो र शीतलहरले धेरै जनाको ज्यान गएको दुःखद् घटनामा स्मरण गर्दै भने, 'गोरखाका सामाजिक परिवारका सदस्यहरूले सहानुभूतिसहित १२० थान फाइवरको सिरक सप्तरी र सिरहा जिल्लाका सामाजिक परिवार सद्स्यहरूलाई वितरण गर्न सकिएकोमा हर्ष व्यक्त गरे। उनले भने, 'यसले सामाजिक परिवारमा मित्रता र तराई-मधेश र पहाडका सामाजिक परिवारमा शान्ति कायम राख्नमा ठूलो भूमिका खेलेको छ।'

वडा सदस्य टेकबहादुर थापाले भने, 'तराई-मधेशका र पहाडका सामाजिक परिवारका सदस्यलाई केही समस्या भयो भने एकअर्कालें सहयोग गर्नुपर्छ।' समग्र विकास सेवा केन्द्र सप्तरी जिल्ला संयोजक अरुणकुमार चौधरीले तराईमा सामाजिक परिवारले गरेका कामहरूको बारेमा जानकारी गराएका थिए। समग्र विकास सेवा केन्द्रका कार्यकारी निर्देशक डोरनाथ न्यौपानेले संस्थाको उद्देश्य, लक्ष्यसहित सामाजिक परिवारबारे जानकारी गराएका थिए। सामाजिक परिवारको भ्रमणदल पोखराको फेवाताल, विन्दवासनी, महेन्द्रगुफा र पाताले छाँगोलगायत स्थानहरूको अवलोकन पूरा गरी २०७५ वैशाख १२ गते फर्किएको थियो।

# वित्तीय साक्षरतासम्बन्धी अभिमुखीकरण




**गोरखा** : समग्र विकास सेवा केन्द्र र राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको संयुक्त आयोजनामा ०७४ पुस २२ गते आरुटार गाउँपालिकाको आरुटारको सामुदायिक भवनमा बैंकिङ साक्षरता अभियान कार्यक्रम सम्पन्न भयो। धावा, आरुचनौटे र आरुआर्वाङका विभिन्न सामाजिक परिवार तथा समूहहरूका गरी १५० जना सहभागी भएको यस कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रशिक्षण विभागका सहायक प्रमुख शिवराम पौडेल र प्रबन्धक वेदप्रसाद आचार्यले सहजीकरण गरेका थिए। कार्यक्रममा बैंकिङ साक्षरताबारे जानकारी दिनुका साथै बैंकमा खाता नहुनेका लागि खाता खोल्ने काम पनि भयो । ४१ जनाले आफ्नो बैंक खाता खोलेका छन्। सो क्रममा समग्र विकास सेवा केन्द्रका कार्यक्रम अधिकृत अमर अधिकारीले लैंगिक समता र सामाजिक समावेशीकरण विषयमा सहभागीहरूलाई प्रशिक्षण दिएका थिए।

त्यस्तै, पुस २३ गते भीमसेन थापा गाउँपालिकाको क्यामुनटारस्थित सामुदायिक भवनमा बैंकिङ साक्षरता अभियान कार्यक्रम सम्पन्न भयो। बोर्लाङ र नामजुङका विभिन्न सामाजिक परिवार तथा अन्य समूहका गरी १२६ जना सहभागी थिए । बैंकमा खाता नहुनेहरूले सोही स्थानमा नयाँ खाता खोलेका थिए।

पुस २४ गते गण्डकी गाउँपालिकाको साविकको फुजेल गाविसमा सिन वित्तीय साक्षरता अभिमुखीकरण सम्पन्न भयो, जसमा १२५ जना स्थानीय वासिन्दा सहभागीता थिए ●

# सुशासन र जवाफदेहीता अन्तर्क्रिया




**गोरखा:** समग्र विकास सेवा केन्द्रको आयोजनामा २०७५ वैशाख १६ गते गोरखाको आरुघाट गाउँपालिका वडा नं. १०, सित्तलबजारमा निर्वाचित जनप्रतिनिधि, राजनैतिक दल, सामाजिक परिवारका प्रतिनिधिहरू तथा नागरिक समाजका अगुवाहरूसँग सुशासन र जवाफदेहीता विषयमा अन्तर्क्रिया गरिएको छ।

विभिन्न १० सामाजिक परिवारहरू प्रतिनिधि र समग्रका कर्मचारीहरू गरी ७० जनाको सहभागिता रहेको उक्त अन्तर्क्रियामा सामाजिक परिवारका प्रतिनिधिहरूले आफूहरूले राम्रो काम गरिरहेको र वडा कार्यालयबाट प्रवाह हुने सेवा-सुविधा छिटो, छरितो र प्रभावकारी हुनुपर्ने विचार व्यक्त गरेका थिए।

वडा अध्यक्ष मीनबहादुर अधिकारीले भने, 'समग्र विकास सेवा केन्द्रको बैठकमा म पटक-पटक गएको छु। यसले क्षमता अभिवृद्धिको कार्यक्रम गरेको असाध्यै राम्रो छ। परिवर्तन एकैचोटी हुँदैन । बिस्तारै-बिस्तारै हुने कुरा हो । सर्वप्रथम हामी आफैँ सचेत भएर काम गर्नुपर्दो रहेछ भन्ने पाठ मैले सिकेको छु । स्थानीय आवश्यकता पहिचान गरेर योजना बनाउने र कार्यान्वयन गर्नमा जोड दिएको छु । मैले समाधान गर्न नसक्ने कुराहरू सम्बन्धीत निकायमा राख्नेछु ।'

शिवशक्ति सामाजिक परिवारका अध्यक्ष सुनीता अधिकारीको सभापतित्व, आरुघाट

बाँकी पृष्ठ ८ मा

# अधिकारका लागि लड्ने आँट

मेरो नाम चन्द्रमणि चौधरी । जन्म वि.स. २०३४ असोज ९ गते । मैले एसएलसी उत्तीर्ण गरेको छु । माइतीघर चौदण्डीगढी नगरपालिका -५, सुन्दरपुर छ । २०५१ सालमा मेरो बिहे जोगीदह गाविसमा भयो । मेरा पति माध्यमिक विद्यालयमा प्रधानाध्यापक हुनुहुन्छ । तीन जना छोरीहरू छन् । हामी आफूलाई खुशी र सुखी परिवार ठान्छौं ।

समग्र विकास सेवा केन्द्रको नाम ०५४ सालमा सुनेका थियौं । एक दिन रामप्रसाद चौधरी र अरुण चौधरीले बताउनुभयो- यसले क्षमता विकाससम्बन्धी कार्यक्रम गर्छ । त्यसपछि समग्र विकास सेवा केन्द्रले के-के काम गर्छ भन्नेबारेमा जानकारी भयो। अनि हामीले महिला सामाजिक परिवार गठन गऱ्यौं। सुरुमा १ रुपैयाँ वचत गर्न थाल्यौं। अहिले हामी १० रुपैयाँ वचत गर्छौं- मासिक । १५ जना सदस्य छौं । हामीले पछिसम्म वचत मात्र गऱ्यौं । त्यसपछि थप सेवासुविधा पाउन सम्बन्धित निकायतिर लाग्यौं ।



**चन्द्रमणि चौधरी**
**महिला सामाजिक परिवार**
**चौदण्डीगढी नगरपालिका-५, उदयपुर**

हामीले सामाजिक परिवारलाई पहिला जिल्ला कृषि विकास कार्यालयमा दर्ता गऱ्यौं। त्यसको १/२ वर्षपछि त्यहाँबाट सेवासुविधा पनि पाउन थाल्यौं। त्यहाँबाट हामीलाई कृषिमीटर, तराजु, हजारी, ढिकी, कल, पानी फाल्ने मोटर पायौं । भिन्डी, बोडी, भण्टा, आँप, लिची, काँक्राको बिउजस्ता बिउहरू पायौं । यो हामीले महिला कृषक सामाजिक परिवारबाट उपलब्ध गराउने गरेका छौं ।

अहिले हाम्रो सामाजिक परिवारले मासिक बैठक गर्दैआएका छौं । वचत गर्दागर्दै अहिले महिला कृषक सामाजिक परिवारमा कराही, भाँडाकुँडा, थाल, बाल्टिनलगायत सामानहरू किनेका छौं । हाम्रो सामाजिक परिवारभन्दा बाहिरकाले चलाएबापत पाँच सय रुपैयाँ तिर्ने गरेका छन् । महिला कृषक सामाजिक परिवारका सदस्यहरूले चलाएबापत तिर्नु पर्दैन । अहिले हाम्रो महिला कृषक सामाजिक परिवार राम्रोसँग चलिआएको छ ।

अहिले म किराना पसल गर्छु । नवप्रभात वन उपभोक्ता समितिमा र जनउत्थान सृजनशील सहकारीको सहसचिवका हैसियतमा नेतृत्व गर्न पुगेको छु । र, अरुमा सदस्य छु । मेरो महिला कृषक सामाजिक परिवारका सदस्यहंरु पनि आफ्नो परिचयलगायत दुई शब्द राख्नसक्ने भएका छन् । यो समग्र विकास सेवा केन्द्रको देन हो । यदि समग्र विकास सेवा केन्द्र नभएको भए, क्षमता विकास कार्यक्रम नगरेको भए म लगायत हाम्रो सामाजिक परिवारका सदस्यहरू आ-आफ्नो ठाउँबाट माथि जान सक्दैनथे । अब त हामी आफ्नो अधिकारको लागि लड्न सक्ने भएका छौं ।

## दाइजो प्रथाविरुद्ध .........

अब भन्नुस्, कसरी यो दहेज प्रथाको अन्त्य हुन्छ ? यो दहेज प्रथाको अन्त्य ठूलाबडाबाटै गर्नुपर्दछ ।'

वडा नं. ३ का अध्यक्ष वीरेन्द्र चौधरीले दहेजमा वृद्धि हुनुको कारण वैदेशिक राजगारी पनि भएको बताए । उनले भने, 'मान्छे मलेसिया, कतार, दुबईलगायत विकसित देशहरूमा गएर धेरै धन कमाउन थालेका छन् । उनीहरू यहाँ आएर बिहे गर्दा अझ धेरै दहेज माग्छन् । छोरीको बिहेको लागि गरिब आमाबुवाले आफ्नो अलिअलि भएको खेतबारीसमेत बन्धक राखेर कर्जा उठाउँछन्। केटापक्षको माग पूरा गरी बिहे गर्नैपर्ने बाध्यता छ। सम्बन्धित सबै निकायले यसबारे गहन रूपमा सोच्नुपर्‍यो ।'

गौशाला नगरपालिकाका कार्यपालिका सदस्य दिनेशप्रसाद साहले दहेज प्रथा बन्द गराउन हामी कोही कसैसँग पनि डराउन हुँदैन । रिश्ता-नाता नसोची निर्भयपूर्वक प्रशासनमा निवेदन दिनुपर्छ । जबसम्म सबैको मानसिकता बदलिँदैन, तबसम्म यो प्रथा टुट्दैन । त्यसैले सबै मिली यसको अन्त्यतिर लाग्नुपर्छ ।'

अन्तर्क्रिया को अध्यक्षता सोनिया सामाजिक परिवार, गौशलाका अध्यक्ष अन्जु महतोले गरेकी थिइन् । त्यहाँ पनि समग्र विकास सेवा केन्द्रका कार्यक्रम अधिकृत अमर अधिकारीले कार्यपत्र प्रस्तुत गरेका थिए ।

## सुशासन र जवाफ....

गाउँपालिका वडा नम्बर १० अध्यक्ष मीनबहादुर अधिकारीको प्रमुख आतिथ्य तथा जिल्ला समन्वय समितिका सदस्य सोविता बरामको विशेष आतिथ्यमा उक्त अन्तर्क्रिया सम्पन्न भएको हो । अन्य अतिथिहरूमा सदस्य गोठे गुरुङ, नेपाली कांग्रेसका जिल्ला सभापति ज्ञानप्रसाद श्रेष्ठ, कार्यपालिका सदस्य दुर्गादेवी तिवारी, कृषि कार्यालय प्रतिनिधि, पशुसेवा कार्यालयका प्रतिनिधि, साहस नेपालका प्रमुख हरि अधिकारी, स्वास्थ्य आमा समूहका सुन्दरी शर्मा लगायतको सहभागिता थियो ।